# आदिवासी जनजाति: दनुवार



## अति सिमान्तिकृत समूह

**संस्था**ः नेपाल दनुवार जागरण समिति, केन्द्रिय कार्यालय, सर्लाही

दनुवार जाति नेपालको प्राचिन आदिवासी जनजातिहरु मध्ये एक हो । यिनीहरुको बसोबास तराई, भित्री तराई (मधेस), चुरे पहाडको दुन उपत्यका, नदी किनार, पहाडको बेंसी हुँदै काठमाडौं उपत्यकामा सम्म रहेको छ । दनुवार जातिलाई भौगोलिक र बासस्थानको आधारमा पहाड, भित्रि मधेस र तराई गरी ३ प्रकारमा छुटयाउन सकिन्छ । पहाड र भित्री मधेसमा बस्ने दनुवारहरु किरात राईहरुमा जस्तै "राई" शब्दले राजघरानाको सम्मान र पदवी बुझाउने भएकाले दनुवारहरु उच्च वा सामाजिक प्रतिष्ठामा राख्न राईदनुवार भन्न रुचाउँछन् । तराईमा बस्ने दनुवारहरु आफुलाई उच्च हिन्दु राजपुत दनुवारका रुपमा गर्व गर्दछन् । यिनीहरु विधिवत रुपमा जनै धारण गर्छन भने पहाड र भित्री मधेशका दनुवारहरु जनै धारण गर्दैनन् । भौगोलिक बासस्थानका कारणले दनुवार जातिहरु भित्र भिन्नता देखिएता पनि उनीहरुको भाषा, संस्कृति र संस्कारको आधारभूत संरचनामा समानता पाईन्छ ।

यिनीहरुको परम्परागत पेशा जीविकोपार्जनको लागी माछा मार्ने हो । यिनीहरु अलौकिक शक्ति तन्त्रमन्त्र, टुनामुना, धामी, झाँक्री र देवीदेवता, बोक्सी भुतप्रेतमा विश्वास गर्दछन् । तराईका दनुवार जातिहरु आफुलाई धामी, झाक्री र पुजारी नै हुन पनि भन्दछन् । उनीहरुको जातिय पहिचान नै अलौकिक तत्वमाथिको विश्वास हो ।

दनुवार जातिको ईतिहासः- दनुवार जातिको उत्पत्ति र फैलावटका बारेमा यकिन प्रमाणहरु नभेटिए पनि पहिले देखि नै नदीजन्य जीवनप्रणालीसँग आबध्द भई नदीकिनारमा माछा मार्दै र खेतीपाति गर्दै आएका पाईन्छ । ललितपुर डुकुछाप गाउँका दनुवारहरु लिच्छविकालिन समयमा कामरुपबाट मच्छिन्द्रनाथलाई नेपाल ल्याउँदा सँगै आएकाले आफूहरु मच्छिन्द्रनाथको माइती भएको दावी गर्छन् । दनुवार जातिको उत्पति र फैलावटका बारेमा यकिन प्रमाणहरु नभेटिए पनि पहिले देखि नै नदीजन्य जीवन प्रणालीसँग आबध्द भई नदीकिनारमा माछा मार्ने, नदीतटीय जंङ्गलमा सिकार खेल्ने र खेतिपाती गर्दै आएको पाईन्छ । ललितपुर डुकुछाप गाउँ विकास समिति वडा नं.३, ४ र ५ दनुवार गाउँमा बसोबास गर्दै आएका दनुवारहरुका पुर्खा ऐतिहासिकता र प्राचिनताका दृष्टिले लिच्छविकालिन समयमा ५०० वर्ष अघि काम रुपमा मच्छिन्द्रनाथसँग आएका भन्ने गरेको पाइन्छ । उनीहरुको विकास तराई, दुन प्रदेश र नदीको किनारबाट भएको देखिन्छ ।

भौगोलिक र सामाजिक अवस्थाः- दनुवार जातिको बसोबास काठमाडौ उपत्यका देखि दक्षिण पुर्वका विभिन्न जिल्लाहरु काभ्रे, सिन्धुली, उदयपुर, सिन्धुपाल्चोक, सिराहा, झापा, मोरङ, सर्लाही र ललितपुर मा रहेको छ । उनीहरुको जीवनशैलीलाई त्यहाँको भौगोलिक पर्यावरण र संस्कृतिको उपज मान्न सकिन्छ । उनीहरुको विकास तराई, दूनप्रदेश र नदीको किनारबाट विकसित भएको देखिन्छ । यस जाति बागमती नदीको किनार हुदै दक्षिण तिरका फाँटहरुमा जब्दीखेत, बालुवाखेत, सिमखेत, नागराखेत, मालाखेत, तोरयात खेत, सिमखेत, विर्ताखेत, रानीखेत, सेराखेत, खायाटोल, गोठटोल, कनेट र गैरीगाउँ रहेका छन् । यिनीहरुले बागमती र खहरेखोलामा माछा मार्ने र यसमा ससाना कुलाहरु बनाई सिँचाई गर्दै आएका पाईन्छ । यिनीहरु बासस्थान वरपरका जंङ्गलबाट दाउरा पात गर्ने र काठ, ढुंङ्गाबाट घर गोठ बनाउने गर्दछ ।

जनसंङ्ख्या : नेपालको जनगणना २०६८ अनुसार दनुवारको कूल संङ्ख्या ८४,११५ रहेको छ । ती मध्ये आफ्नो मातृभाषा बोल्नेको संख्या ४५,८२१ रहेको छ ।

धर्म संस्कृति : दनुवारहरु हिन्दुधर्मका मूल्य र मान्यतामा पूर्ण विश्वास राख्दछन् । यिनीहरुले पितृ, देवीदेवता र राक्षसको अलौकिक शक्तिप्रतिको विश्वास राख्दछन् । यिनीहरु धामी झाक्रि र हिन्दु पुजा विधि शास्त्रका माध्यमव्दारा आराधना, पुजाआजा र तन्त्रमन्त्र साधना गर्दछन् ।देवीदेवता वा भुतप्रेत रिसाएमा बालीनाली बिग्रिने, पशुपक्षी नाश हुने, आर्थिक संकट आई पर्ने, रोगब्याधीले सताउने आदि कुरामा विश्वास गर्दछन् । यिनीहरु प्रकृति पुजा, वायु पुजा, वनदेवी पुजा, गोठपुजा, पितृ पुजा गरेमा भुतप्रेत र रोगब्याधिबाट बच्न सकिने कुरामा विश्वास गर्दछन् । दनुवारहरु घरभित्र कुलदेवताका रुपमा भिमसेनको प्रतिमा स्थापना गरी मुख्य देवताका रुपमा र चणडीदेवीलाई गाउँका सबैभन्दा ठूला साझा देवीका रुपमा मान्ने गर्दछन् । यस जातिले काली, दुर्गा, लक्ष्मी, सरस्वती, ब्रह्मा, विष्णु, महेश, पार्वती, गणेश र अन्य हिन्दु देवीदेवता मान्ने गर्दछ । यिनीहरु आफ्ना देवीदेवताहरु प्रति गहिरो धार्मिक विश्वास राख्दछन् । उनीहरुले घर भित्र, गाउँका र गाउँ बाहिरका देवीदेवताहरुलाई निश्चित तिथि मितिहरुमा विधि पूर्वक रीत पुऱ्याएर पूजा गर्दै बलि समेत दिने गर्छन् । देवीदेवता रिसाएमा घरपरिवारका सदस्यहरु बिरामी पर्ने, मृत्यु हुने, अवनति हुने, पशुपंक्षी मर्ने, बालीनाली नसप्रने जस्ता लोक विश्वास रहेकाले उनीहरुमा प्राकृतिक शक्तिहरुमा विश्वास रहेको पाईन्छ । उनीहरुका देवीदेवताहरु कुनै निश्चित आकारका मूर्तिका रुपमा नरहेर ढुङ्गाका थानीका रुपमा देखिन्छन् ।

दनुवार जातिले हिन्दुधर्मसँग सम्बन्धित चाडपर्वहरु मान्दै आए पनि पर्व मनाउने तरिका भने फरक छन् । चाडपर्वले सामुहिक भावनालाई बलियो बनाई राख्न मद्दत गर्दछ । चाडपर्वमा देवीदेवताको पुजा गर्ने, ठुलाबडालाई सम्मान गर्ने, आफन्तजन ईष्ट मित्रहरु र परिवारका सदस्यहरु एक साथ बसी मनोरञ्जन गर्ने गर्दछन् । उनीहरु रगतको साईनो अन्तर्गत पर्नेहरु एकआपसमा कुलदेवताको पूजा गर्ने, जुठो बार्ने र पितृलाई सम्झने गर्दछ । मित साइनो आफ्नो जात भन्दा बाहिरका व्यक्तिसँग बढी विकसित भएको देखिन्छ । यिनीहरु संयुक्त परिवार मै बस्छन् र परिवार विखण्डन हुनुको मूल कारण पारिवारिक झैझगडालाई मान्न सकिन्छ ।

दनुवारहरुको लोक जीवनपध्दतिलाई लोकविश्वासले असर पारेको देखिन्छ । यिनीहरुको खानपान, लवाईखवाई, रितिरीवाज, रहनसहन, बानीब्यहोरा, चालचलन यस्तै अलौकिक वा परम्परागत लोक विश्वासबाट एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुदै आईरहेको छ ।

चाडपर्वहरु : दनुवार जाति पनि नेपालका अन्य जाति जस्तै विभिन्न चाडपर्वहरु मनाउँदै आईरहेका छन् । सामाजिक सामन्जस्यता, ईष्टमित्र, घरपरिवार र आफन्तजनहरु माझ खुशीयाली तथा शुभकामना साटासाट, दीर्घायु तथा स्वस्थ शुलभको कामना गर्दै चाडपर्वहरु हरसोल्लासका साथ मनाउने गरिन्छ । यिनीहरुमा दुवै हिन्दु र बौध्द धर्मको प्रभाव देखिन्छ । चाडपर्वमा ठुलाले सानालाई आशिर्बाद दिने, घर परिवार तथा आफन्तजनहरु एकसाथ बसी मिठामिठा भोजन गर्ने र नयाँ लुगा लगाउने गर्दछन् । चाडपर्वमा जाँडरक्सी, चिउरा, रोटी, मासुका विभिन्न परिकारहरु बनाई खान्छन् । चाडपर्वमा मन्दिरमा गई कुखुरा, हाँस, बोका र राँगा बलि दिने चलन पनि रहेको छ । यिनीहरु आफ्ना पितृहरुलाई सम्झिने र शुध्द खानेकुराहरु पहिले उनीहरुलाई चढाई सके पछी मात्र आफुहरुले ग्रहण गर्ने गर्दछन् । दनुवार जातिले मनाउने चाडपर्वहरु बैशाखे औंसी, नागपञ्चमी, गठिमङ्गल, लुतो फाल्ने, साउने संक्रान्ति, जनैपुर्णिमा, कार्तिक पूर्णिमा, बागमती पूजा, चैतेदसै, गाईजात्रा, थाङ्नेजात्रा, रोपाईजात्रा, मच्छिन्द्रनाथको जात्रा, माघेसङ्क्रान्ति, कुशेऔंसी, मातातीर्थऔंसी, नेमान पुजा, दसैं, तिहार, फागुपुर्णिमा, सिठी, पितृपुजा, वायुपुजा आदि विशेष छन् ।

दनुवार जातिले हिन्दुधर्मसँग सम्बन्धित चाडपर्वहरु मान्दै आए पनि पर्व मनाउने तरिका भने फरक पाईन्छ । यिनीहरु देवीदेवताहरुलाई निश्चित तिथि मितिमा विधिपूर्वक पूजा गर्दै बलि समेत दिने गर्दछ । ललितपुर डुकुछापका दनुवारले परम्परागत ढंगले मनाउँदै आएका धार्मिक, ऐतिहासिक तथा साँस्कृतिक महत्वका मच्छिन्द्रनाथको जात्रा काठमाडौ उपत्यकामा हुने हुँदा अन्य पुर्वी र भित्री मधेशका दनुवार जातिहरुले भने मनाईएको पाईदैन ।

पुजाआजामा थरीथरीका भजन गीतहरु आफ्नै दनुवार भाषामा गाइन्छ । जस्तैः पुरुषले गाऊने भजन "पराती", "झम्रा र समदाउन" (महिलाहरुले गाऊने भजन), "विरहनी" भजन (भगवान सित जोडिएको गीतहरु) आदी । शुक्ल पक्षमा थोरै भने पनि उब्जनी भएको धान काटेर शुध्दिकरण गरि राखिन्छ । नेमान पुजामा विभिन्न देवीदेउताहरुको पुजा गरिन्छ । काली भिमशेन, कोशीका, कुन्ता, धामी, भगवती, हनुमान, दुर्गा भगवती, किरात देउता, शोखा, भैरव, गडिया, मनुषदेवा (सम्पतिको लागी), राज्यलक्ष्मी आदीको पुजा गरिन्छ । यस पुजाको विशेष महत्व अन्नबाली राम्रो होस्, पशुपालन राम्रो होस, रोगब्याधी र प्राकृतिक विपत्तिहरु नआओस घर परिवारलाई सुख शान्ति होस भनी पुजा गर्ने गरिन्छ ।

सन्दर्भ सामग्री


(क) "दनुवार लोकवार्ता तथा लोक जीवन"; नेपाली लोकवार्ता तथा संस्कृति समाज, काठमाडौं ।

(ख) नथुनी सिंह दनुवार (२०६१); "आदिवासी दनुवार"; प्राकृतिक स्वास्थ्य संस्था, सिराहा ।

(ग) "नेमान पर्वक परम्परा आ प्रसंग" (२०७५ साल असार २८ गते बिहीबार), गोरखापत्र समावेशीकरणको दिशामा एउटा फड्कोः गोरखापत्रव्दारा प्रकाशित दनुवार भाषा पृष्ठ, नयाँ नेपाल, गोरखापत्र राष्ट्रिय दैनिक, पृष्ठ नं. ६